# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२

चलानी नं.

मितिः २०८१।१२।०५

**द्वन्द पिडित, बेपत्ता तथा बाबुआमा विहिन बालबालिकालाई छात्रवृत्ति वितरण गर्ने सम्वन्धि सूचना।**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१।१२।०५**

आ.व. २०८१।०८२ को प्रदेश शशर्त अनुदान (बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम) अन्तर्गत "द्वन्द पिडित बेपत्ता तथा बाबुआमा विहिन बालबालिकालाई छात्रवृत्ति वितरण" गर्ने कार्यक्रम अनुसार मिति २०८१।१०।१४ गते प्रथम पटक प्रकाशित सूचना बमोजिम सम्पूर्ण वडाबाट विवरण प्राप्त नभएकोले दोस्रो पटक सूचना प्रकाशन गरी यस सिद्धलेक गाउँपालिका भित्र स्थायी वसोबास भएका आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै बेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेका, १८ वर्ष उमेर पूरा नभएका र कुनै गैर कानुनी वा अपराधिक कार्यमा संलग्न नभएका बालबालिकाहरुलाई सामाजिक संरक्षण गर्नका लागि यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले तपशिलका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गाउँपालिकाको कार्यलयमा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>आवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (नागरिकता भएमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी),

२. बाबु र आमा दुवैको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबु र आमा दुवैको बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेको प्रमाणित कागजात,

३. विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र ५ वर्ष उमेर पूरा भएको बालबालिकाको हकमा मात्र,

४. सम्वन्धित वडाले संरक्षक किटानी गरेको सिफारिस पत्र,

५. संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

६. सम्वन्धित व्यक्तिको बैंक खाता नंम्वर।

..................

(राम प्रसाद शर्मा)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा, युवा तथा खेलकुद विकास शाखाः सबै विद्यालयहरुलाई पत्राचार गर्नुहुन।

श्री सूचना तथा प्रविधि शाखाः जानकारीको लागि web site मा राखि दिनुहुन र सबै वडामा mail गरिदिनुहुन।

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner